आमचोक गाउँ पालिकाको कृषि विकाश ऐन, २०७४

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | |

आमचोक गाउँपालिका

भोजपुर जिल्ला

१ नं. प्रदेश

**प्रस्तावना :**

हामी कृषि प्रधान देशका नागरिक हौं । हामीले हाम्रो कृषि लाई आधुनिक उत्पादनमा बदल्न नसक्दा कृषि खाद्यान्नमा परनिर्भर भैरहेका छौं । यस समस्यालाई दिर्घकालिन समाधान गर्नको लागि कृषिको व्यावसायिकरण गर्न, उत्पादन गर्न, विउविजनमा आत्म निर्भर तरकारी जन्य उत्पादन, फलफूल उत्पादन, खाद्य पद्धार्थ उत्पादनमा टेवा पुऱ्याउन र आमचोक गाउँपालिकामा खाद्यान्न सुरक्षा गर्नको लागि व्यावसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, आमचोक गाउँपालिकाले नेपाल सरकारको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम आमचोक गाउँसभाले यो ऐन वनाएको छ ।

**परिच्छेद १**

प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ : यस ऐनको नाम आमचोक गाउँपालिका कृषि विकास ऐन २०७४रहेको छ ।

(२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थमा नलागेमा यस ऐनमा

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उत्पादन" भन्नाले सवै कृषि उत्पादन गर्ने व्यक्ति, समूह, फार्म, कृषि कम्पनी लाई सम्झनुपर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि काम गर्न दर्तावाला सवै व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले आमचोक गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले व्यावसाय सञ्चालन गर्न राखिएको रकमलाई सम्झनु पर्छ ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि जमिन करारमा लिई वा आफ्नो निजी जमिनमा कृषि व्यावसाय सवै दर्ता वाला फर्मलाई सम्झनु पर्छ ।

(छ) "कृषि वस्तु" भन्नाले कृषकहरुले उत्पादन गरेको कृषि वस्तुलाई सम्झनु पर्छ ।

(ज) "कृषि व्यावसाय" भन्नाले देहाय वमोजिमका व्यावसायहरुलाई सम्झनु पर्छ ।

(१) व्यावसायीक उद्देश्यले गरिने कृषि वाली वा वस्तुको उत्पादन,

अशोक राई
अध्यक्ष

(२) कृषिजन्य वस्तुको उत्पादन प्रशोधन,

(३) कृषि उत्पादनमा प्राङगारीक मलको उत्पादन भण्डारण तथा वितरण

(४) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नइल र भूरा को उत्पादन परामर्श तथा वितरण

(झ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई विक्री गर्ने खुद्रा वजार वा थोक वजारलाई सम्झनु पर्छ ।

(ञ) साधारण सभा भन्नाले सार्वजनिक नीजि साझेदारी नीति २०७२ अनुसार लगानीकर्ता व्यक्ति, संस्थाको वहुमत उपस्थितिमा सम्पन्न वार्षिक भेलालाई बुझ्नु पर्नेछ ।

## परिच्छेद २

३.आमचोक कृषि विकास ऐनको उद्देश्य देहाय बमोपजिम रहेको छ ।

(क) आमचोकका स्थानीय बासिन्दा मात्र नभएर समग्र नेपाली नागरिकलाई लगानी र मुनाफामा सक्षम वनाउन ।

(ख) बाझो रहेका जमिनलाई उत्पादनमा रुपान्तरण गर्न र आर्थिक उपार्जनमा सक्षम वनाउन ।

(ग) कृषिमा आवद्ध जनसमुदायको जीवनस्तरलाई उकास्न ।

(घ) कृषिमा आत्मनिर्भर रहन ।

## परिच्छेद ३

४.आमचोक कृषि विकासको कार्यक्षेत्र सम्वन्धमा

(क) कार्यक्षेत्र यस गाउँपालिकाभित्र रहनेछ ।

(ख) उचित कृषि उत्पादनको लागि उपयुक्त हुने जमिनहरु संचालनमा ल्याईनेछ ।

(ग) जमिनलाई करार सम्झौतामा काम गर्न सकिनेछ ।

(घ) आवश्यकता अनुसार छिमेकी गाउँपालिकासँग सहकार्य गर्न सकिनेछ ।

## परिच्छेद ४

५.कृषि वजार ब्यावस्था सम्बन्धि

१. कृषि वजारको स्थापना : गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

२. खुद्रा वजार वा थोक बजार सञ्चालन गर्नको लागि व्यक्ति, संस्था, सहकारी बाट सम्बन्धित निकायबाट अनुमति लिनु पर्दछ ।

३. कृषि बजारको बर्गीकरण देहाय बमोजिम ब्यवस्था छ ।

(क) थोक वजार

(ख) खुद्रा वजार

(ग) हाट वजार

(घ) संकलन केन्द्र

## परिच्छेद ५

६.स्थानीय कृषि ब्यावसाय प्रबर्द्धन समिति :

स्थानीय कृषि क्षेत्रको समग्र विकास तथा प्रबर्द्धन गर्नका लागि आमचोक गाउँपालिकामा एक गाउँपालिका स्तरीय कृषि ब्यावसाय प्रबर्द्धन समिति रहने छ ।

## परिच्छेद ६

७. आमचोक कृषि व्यावसाय सञ्चालक समितिमा देहाय बमोजिमको समिति रहने छ ।

(क) स्थानीय तहको अध्यक्ष वा प्रमुख - अध्यक्ष - १

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य - १

(ग) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य - १

(घ) अध्यक्षको सिफारिसमा समितिले मनोनयन गरेको एक कृषि विज्ञ - सदस्य - १

(ङ) गाउँपालिकाको कृषि कार्यालय प्रमुख - सदस्य - १

(च) लगानीकर्ताहरु मध्येबाट साधारण सभाबाट निर्वाचित एक महिला एक दलित सहित - सदस्य - ४



आशोक राई
अध्यक्ष

(छ) सञ्चालक समितिले नियुक्ति गरेको एक जना प्रवन्धक - सदस्य सचिव - १

## परिच्छेद ७

८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धि देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय स्तरमा कृषि व्याबसाय प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तथा योजना बनाउने ।

(ख) कृषि व्याबसाय कार्यक्रम सञ्चालन गर्ने ।

(ग) कृषि व्यावसाय सञ्चालन गर्नको लागि प्रादेशिक निकायहरुसँग समन्वय सहकार्य गर्ने ।

(घ) कृषि उत्पादन, व्याबसाय प्रवर्द्धन, बजारीकरण गर्नको लागि आवश्यक नियम बनाउने ।

(ङ) गाउँपालिकाभित्र रहेका दर्तावाल कृषि फार्महरुसँग सहकार्य गर्ने, लगानी गर्ने र उत्पादन, बजार व्यावस्थापन गर्दै कृषिबाट दिगो विकास गर्नलाई अग्रसर रहने ।

(च) सञ्चालक समितिले संस्थालाई आवश्यक पर्ने समिति, उप समिति, नियमावली बनाई आवश्यकता अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई कार्यहरु गर्ने छ ।

(छ) दर्ता भएको गाउँपालिका भित्रका कृषि व्यावसाय, कृषि फर्म सहकार्य र लगानी गर्नको लागि छनोट गर्न सक्नेछ ।

## परिच्छेद ८

९. प्रवन्धकको काम, कर्तव्य र अधिकार सम्वन्धमा

(क) संस्थाको दैनिक प्रशासनिक कार्यहरु गर्ने गराउने ।

(ख) सञ्चालक समितिले तोकेको कार्यहरु गर्ने ।

(ग) कृषिसँग सम्वन्धित कामहरुलाई स्तरोन्ती गर्दै व्यावसायीकरण गर्न कृषकहरुलाई सहयोग गर्ने ।

(घ) गाउँपालिकामा दर्तावाल कृषि फार्महरुसँग लगानी सम्झौता, उत्पादन र बेचविखनमा सहयोग गर्ने ।

(ङ) कृषि सम्वन्धि विउ विजन, मल, सिंचाईको व्यावस्थापन गर्ने ।

(च) संस्थाको लेखालाई चुस्त दुरुस्त, पारदर्शी र मितव्ययी बनाउने ।

(छ) संस्थाको वार्षिक प्रगती विवरण तयार गरी सञ्चाक समिति समक्ष पेश गर्ने र वार्षिक साधारण सभा गर्ने

## परिच्छेद ९

१०. कोषको स्थापना सञ्चालन लगानी मुनाफा सम्बन्धमा

यस आमचोक कृषि व्यावसाय प्रवर्द्धनको लागि देहाय बमोजिमको कोषको स्थापना सञ्चालन लगानी व्यवस्था गरिएको छ ।

(क) गाउँपालिका आवश्यकता अनुसार वजेट विनियोजन गरिनेछ ।

(ख) नेपाली नागरिक र कुनै संस्थाले शेयर खरिद कम्तीमा रु. १५ हजार देखि ३ लाख सम्म लगानी गर्न पाउनेछ ।

(ग) वितिय संघ संस्थाको कर्जा लिईनेछ । कानुन अनुसार अन्तराष्ट्रिय दातृ संस्थाको सहयोग लिईनेछ ।

(घ) मुलत यस कृषि विकास ऐन नेपाल सकारको सार्वजनिक निजी साझेदारी नीति २०७२ को ११.४ अवधारणा कार्यान्वयन अन्तर्गत नं. ८ मा रु. ५ करोड सम्म लागतको आयोजनाहरुमा सम्वन्धित सार्वजनिक निकायका प्रमुखले आवश्यकता अनुसार नीति तथा नियम तर्जुमा गरी लागु गर्न सक्नेछन् यसैको आधारमा यस ऐनलाई लागू गरिनेछ, र यसको कारण देहाय वमोजिम छ ।

१. स्थानीय नागरीकलाई लगानी वातावरणको वनाउन ।

२. कृषिमा पनि आधुनिक व्यापार प्रवर्द्धन गर्न ।

३. गाउँपालिका र स्थानीय नागरिकको आय स्तरमा वृद्धि गर्न ।

४. कृषि वजारको व्यवस्था गर्न ।

५. नेपाल सरकारको P.P.P. मोडल लाई पूर्णता दिन ।

६. आमचोक गाउँपालिकाको ५१ % लगानी रहनेछ । शेयर दर प्रति शेयर १००/- हुनेछ ।

७. संस्था व्यावसायिक रुपमा नाफामा गएपछि लगानी अनुपातमा मुनाफा वितरण गरिनेछ ।

अशोक राई

अध्यक्ष

## परिच्छेद १०

११. आमचोक कृषि व्यावसाय प्रवर्द्धन ऐनले निम्न बमोजिमको कृषि फार्महरुसंग आफ्नो काम गर्नेछ ।

(क) व्यावसायिक रुपमा दर्ता भएको समूह वा फार्म ।

(ख) वार्षिक उत्पादनमा नाफामा गएको फार्म ।

(ग) आमचोक गाउँपालिका भित्र रहेका व्यावसायिक कृषि फार्महरु ।

(घ) उत्पादन मूलक फार्म, व्यावसायिक खुद्रा बजार ।

(ङ) माथि जुन कुरा उल्लेख गरिएतापनि स्थान भूगोल छनौट गरी सार्वजनिक निजी साझेदारी नीति २०७२ अनुसार आफै स्थापना गर्न बाधा मानिने छैन ।

## परिच्छेद ११

१२. कृषि व्याबसाय फार्ममा देहाय बमोजिम मल सिँचाईको व्यावस्था गरिनेछ ।

(क) सिँचाईको व्यावस्था गरिनेछ ।

(ख) विशुद्ध आर्गानिक उत्पादन गरिनेछ ।

(ग) रासायनिक मल, विसादीको प्रयोग गरिने छैन ।

## परिच्छेद १२

१३. कर्मचारी सम्वन्धमा

यस ऐन अनुसार देहाय बमोजिंम कर्मचारी नियुक्ति गरिने छ ।

(क) सञ्चालक समितिको पहिलो वैठकले एक प्रबन्धक नियुक्ति गर्ने छ ।

(ख) प्रवन्धकको कार्यकाल ४ वर्षको हुनेछ ।

(ग) एक प्रवन्धकलाई दोश्रो कार्यकालसम्म सञ्चालक समितिले नियुक्ति दिन सक्नेछ ।

(घ) संस्थालाई आवश्यकता अनुसार सञ्चालक समितिले कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(ङ) कर्मचारीको तलव भत्ताको लागि सञ्चालक समितिल गरेको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद १३

१४. छाप सम्वन्धमा

सञ्चालक समितिको पहिलो वैठकले छाप सम्वन्धमा निर्णय गर्नेछ ।